श्री नारायण माध्यमिक विद्यालय
Shree Narayan Secondary School
रिब्दीकोट गाउँपालिका-६, धुस्तुङ्ग, पाल्पा, नेपाल

पत्र संख्या :०८३-८४ Ribdikot Rural Municipality-6, Dhustung, Palpa, Nepal
च.नं. :४६ स्था : २०२८ Estd : 2024 B.S ☎ 075-690366

मिति : २०८३/०७/११ गते ।
ने.सं. ११४६, कौलागा तृतिया, बुधबार ।

श्री जो जससँग सम्बन्धित छ ।

विषय : शिक्षक सरुवाको लागि दरखास्त आह्वान सम्बन्धी सूचना । (तेस्रो पटक)

यस विद्यालयमा स्वीकृत दरबन्दी अन्तर्गत रिक्त रहेको माध्यमिक तह, तृतीय श्रेणी, अंङ्ग्रेजी विषयको शिक्षक पदमा शिक्षा नियमावली, २०५९ (दसौँ संशोधन २०८३) को नियम तथा प्रचलित स्थानीय शिक्षा ऐन/कार्यविधिको अधिनमा रही शिक्षक सरुवा प्रक्रियाद्वारा पदपूर्ति गर्न विद्यालय व्यवस्थापन समितिको मिति : २०८३/०६/१३ गते बसेको बैठकको निर्णय र शिक्षा तथा खेलकुद शाखा, रिब्दीकोट गाउँपालिकाको च.नं. २५६, मिति : २०८३/०६/२६ गतेको अनुमति पत्र अनुसार सोही तह, श्रेणीमा कार्यरत स्थायी तथा सरुवाका लागि योग्य इच्छुक शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मिति देखि मिति : २०८३/०८/०८ गते मंगलबार कार्यालय समय भित्रमा आफू स्वयम् उपस्थित भई वा सोही समय अवधिमा विद्यालयको आधिकारिक इमेल ठेगाना **ribdikot.6narayan@gmail.com** मा तपसिलको कागजातहरुको **Pdf file** सहित सरुवा सहमतिको लागि दरखास्त आह्वान गरिछ ।

पेश गर्नुपर्ने कागजातहरु :

१. सरुवाका लागि हस्तलिखित निवेदन ।
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. आफ्नो सेवा अवधि खुल्ने सम्पूर्ण कागजातहरु ।
४. स्थायी र अस्थायी दुवै नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रको प्रतिलिपि ।
६. हाल कार्यरत रहेको विद्यालय र स्थानीय तहमा हालको शिक्षक पदमा सुरुमा हाजिरी भएको कागजातहरु ।
७. असाधारण तथा बेतलबी बिदा लिए नलिएको सम्बन्धी कागजातहरु ।
८. हाल कार्यरत रहेको विद्यालयको सरुवा सहमति पत्र ।
९. सम्बन्धित स्थानीय तहको सरुवा सहमति पत्र साथै फरक जिल्ला भएमा शिक्षा विकास तथा समन्वय इकाइको समेत सरुवा सहमती पत्र ।
१०. शिक्षा नियमावली २०५९ (दसौँ संशोधन, २०८३) बमोजिम प्राथमिकतामा दाबी गर्ने सम्पूर्ण कागजातहरु ।
११. शिक्षा नियमावली २०५९ को अनुसूची–१७ बमोजिमको फाराम ।

उक्त समय अवधिभित्र प्राप्त निवेदनहरु शिक्षा नियमावली २०५९ (दसौँ संशोधन, २०८३) अनुसार प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरि आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि आजको मितिमा यो सूचना प्रकाशित गरिएको छ ।

बोधार्थ :

१. श्री शिक्षा समन्वय एकाइ, तानसेन, पाल्पा । (जानकारी तथा **website** मा प्रकाशनका लागि)
२. श्री शिक्षा तथा खेलकुद शाखा, रिब्दीकोट गाउँपालिका, खस्यौली, पाल्पा । (जानकारी तथा **website** मा प्रकाशनका लागि)
३. श्री वडा कार्यालय, रिब्दीकोट गाउँपालिका, वडा नं. ६, ठिमुरे, पाल्पा । (जानकारीको लागि)
४. विद्यालयको सूचना पाटी, **official facebook id** तथा **facebook page** (सूचना प्रकाशनको लागि)

थप जानकारीको लागि सम्पर्क नम्बरहरु :

९८४७४६६६८६, ९८५७०३८७९०, ९८४७२२७७७४, ९८४७०२९०८०, ९८४७२२६४१६

प्रधानाध्यापक
ढाल बहादुर रुचे
प्रधानाध्यापक